कृषि तथा वन विज्ञान विश्वविद्यालय
कृषि संकाय
डीनको कार्यालय
रामपुर, चितवन, नेपाल

Agriculture and Forestry University
Faculty of Agriculture
Office of the Dean
Rampur, Chitwan, Nepal

प.सं./Ref. No.
च.नं.

मिति/Date: ...........................

२०७५।११।२१

## लागत साझेदारीमा दक्ष प्राविधिक शिक्षण जनशक्ति विकास कार्यक्रम अन्तरगत कृषि स्नातक (B.Sc.Ag.) तहको भर्ना आवेदन फाराम Online भर्ने सम्वन्धी

# सूचना

विश्वविद्यालय अनुदान आयोगको लागत साझेदारीमा दक्ष प्राविधिक शिक्षण जनशक्ति विकास कार्यन्वयन कार्यविधि २०७५ मा उल्लेखित सर्त र सुविधा लागू हुने गरी शैक्षिक सत्र २०७५।०७६ का लागि कृषि संकाय, रामपुरमा कृषि स्नातक (B.Sc.Ag.) तहमा अध्ययन गर्न चाहने आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका उम्मेदवारहरुवाट आवेदन माग गरिएको छ । साथै उक्त तहको भर्ना सम्वन्धी कार्यक्रम देहाय वमोजिम भएको व्यहोरा जानकारी गराईन्छ । आवेदकले Online आवेदन फाराम साथ आफूले प्राप्त गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु, नागरिकताको प्रमाणपत्र, समानस्तर निर्धारणको प्रमाणपत्र (Equivalence Certificate) साथै वैंक भौचरको प्रतिलिपि र हालसालै खिचेको Passport Size को फोटो एक प्रति Scanning गरी संलग्न गर्नु पर्ने छ ।

**१. आवश्यक न्यूनतम शैक्षिक योग्यता:** SLC वा सो सरहको परीक्षा उत्तीर्ण भई I. Sc. (Science) वा 10+2 (Science) वा 10+2 (Agriculture) वा कृषि विज्ञान विषयमा प्राविधिक प्रमाणपत्र तह वा सो सरहको तहमा कम्तीमा १०० पूर्णाङ्कको English, Chemistry, Biology र कम्तीमा ५० पूर्णाङ्कको Mathematics and Physics विषय अध्ययन गरी कुल प्राप्ताङ्कको कम्तीमा ५० प्रतिशत अङ्क वा माथि उल्लेखित प्रत्येक विषयमा "C" Grade का साथ कुल प्राप्ताङ्क "C+" Grade प्राप्त गरी उत्तीर्ण भएको हुनु पर्ने छ । सैध्दान्तिक र प्रयोगात्मक (Theory and Practical) दुवै भएको विषयको हकमा Theory and Practical मा अलग-अलग "C"

Grade भन्दा कम भएतापनि एकमुस्ट विषय (Theory +Practical ) को कम्तीमा "C" Grade हुनुपर्ने छ ।

२. **आवेदन फाराम र प्रवेश परीक्षा शुल्क:** रु. ३,५००।- (अक्षरुपी तीन हजार पांच सय मात्र) प्रभु वैंक लिमिटेड, नारायणगढको कृषि तथा वन विज्ञान विश्वविद्यालय, चितवनको नाममा रहेको Call Deposit नं. ०१७११६००६९२७६३००००००१ मा रकम जम्मा गर्नु पर्ने छ । वैंक भाउचरमा जम्मा कर्ताको नाममा आवेदकको पुरा नाम र "कृषि" शव्द अनिवार्य लेखिएको हुनुपर्ने छ ।

३. **आवेदन फाराम भर्ने अवधि:** मिति २०७५ फागुन २२ गते देखि २०७५ चैत्र ४ गते राति १२.०० वजे सम्म यस विश्वविद्यालयको Website www.afu.edu.np वाट Online आवेदन फाराम भर्न सकिनेछ । Online आवेदन फाराम प्रकृयामा कुनै कठिनाई भएमा Online@afu.edu.np मा सम्पर्क गरी प्राविधिक सहयोग लिन सकिनेछ ।

रीतपूर्वक तथा पूर्णरुपले नभरिएको Online आवेदन फाराम उपर कुनै कारवाही गरिने छैन । साथै आवेदकलाई प्रवेश परीक्षामा समावेश गराईने छैन ।

४. संलग्न हुनुपर्ने आवश्यक कागजपत्रहरु र वैंकमा रकम जम्मा गरेको वैंक भौचर समेत अनिवार्य रुपमा Online Application को साथमा वुझाउनु पर्ने छ । Online Application वाहेक अन्य माध्यमवाट पठाएको आवेदन फाराम तथा अन्य कागजपत्रहरु उपर कुनै कारवाही गरिने छैन । साथै आवेदन फाराम साथ कुनै कागजपत्र नपुगेमा वैंकमा जम्मा गरेको रकम फिर्ता हुनेछैन ।

५. **प्रवेशपत्र वितरण मिति र स्थान:** २०७५ चैत्र १० गते आईतवारका दिन विहान ७.०० वजे देखि १०.०० वजे सम्म डीनको कार्यलय, कृषि संकाय, रामपुर, चितवन ।

६. **प्रवेश परीक्षा हुने मिति र स्थान:** २०७५ चैत्र १० गते आईतवारका दिन विहान ११.०० वजे, कृषि संकाय, रामपुर ।

७. **भर्नाको आधार:** प्रवेश परीक्षाको प्राप्ताङ्क ८० प्रतिशत, प्रमाणपत्र तहको प्राप्ताङ्कको प्रतिशतलाई १० प्रतिशत र SLC को प्राप्ताङ्कको प्रतिशतलाई १० प्रतिशत अङ्कभार दिईनेछ । सोको आधारमा योग्यताक्रम सूचि (Merit List) तयार गरी योग्यताक्रम (Merit) अनुसारनै भर्नाको लागि नामवली प्रकाशित गरिनेछ । प्रवेश परीक्षाको उत्तीर्णाङ्क ५० प्रतिशत हुनेछ ।

८. प्रमाणपत्र तहको पाठ्यक्रमका विषयहरुवाट कुल ८० वटा प्रश्नहरु समावेश गरी प्रवेश परीक्षाको प्रश्नपत्र तयार गरिनेछ र सवै प्रश्नहरु वहुछनौटीय वस्तुगत किसिम (Multiple Choice Objective Type) को हुनेछ । साथै परीक्षा अवधि एक घण्टाको हुने छ ।

क. English(12) ख. Chemistry(12) ग. Physics(12)
घ. Botany(12) ङ. Zoology(12) च. Mathematics(12)
छ. General Knowledge and Agriculture(8)

९. विश्वविद्यालय अनुदान आयोगको लागत साझदारीमा दक्ष प्राविधिक शिक्षण जनशक्ति विकास कार्यन्वयन कार्यविधि २०७५ को परिच्छेद २ को छात्रवृत्तिमा छनौटको आधार देहाय वमोजिम छ:

क. नेपाली नागरिक
ख. अध्ययन गर्न चाहेको विषय, तह र विश्वविद्यालयमा भर्नाको लागि आवश्यक न्यूनतम मापदण्डहरु पूरा गरेको
ग. अध्ययन पश्चात नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले खटाएको जुनसुकै स्थानमा गई न्यूनतम ३ वर्ष सेवा गर्ने प्रतिवध्दता पत्र, स्थानीय तहको निजलाई आफ्नो पालिका अन्तरगत प्राविधिक शिक्षा संचालित विद्यालयमा कार्य अवसरको सिफारिश सहितको प्रतिवध्दता भएको
घ. अन्य निकायवाट दोहोरो पर्ने गरी सुविधा प्राप्त नगरेको
ङ. छनौट भएका विद्यार्थीहरुले अनुसूचि १ को ढांचा अनुरुपको कवुलियत गरेको
च. अध्ययन अविधिभर र अध्ययन पश्चात ३ वर्षसम्म भर्ना भएका विद्यार्थीहरुको सक्कल प्रमाणपत्रहरु सम्वन्धित विद्यार्थीहरुलाई फिर्ता गरिने छैन

१०. प्रवेश परीक्षा उत्तीर्ण भएका विद्यार्थीहरुको योग्यताक्रम सूचि (Merit List) वाट विश्वविद्यालय अनुदान आयोगको छात्रवृत्ति छनौट सम्वन्धी व्यवस्था अनुसार विद्यार्थी भर्ना गरीनेछ । छात्रवृत्तिमा छनौट भई भर्ना हुने विद्यार्थीहरुको लागि मासिक निर्वाह खर्च रु. ६,०००। (अक्षरुपी छ हजार मात्र) को दरले प्रति वर्ष १० महिना वरावरको रकम अध्ययन अवधिभर उपलव्ध गराईनेछ । साथै अध्ययन अवधि पुरा गरीसकेपछि खटाईएको स्थानमा नगएको खण्डमा उक्त रकम फिर्ता गर्नु पर्नेछ ।

११. अध्ययन अवधिभर भर्ना भएका विद्यार्थीहरुको सक्कल प्रमाणपत्रहरु विश्वविद्यालयमा राखिनेछ । उक्त अवधि भित्रमा भर्ना भएका विद्यार्थीहरुले माग गरी सो प्रमाणपत्रहरु लिनपाउने छैन । साथै माथि उल्लेखित कागजपत्रहरु मध्ये कुनै नपुगेमा सो विद्यार्थीको भर्ना लिईने छैन ।

१२. प्रवेशपत्र लिन आउंदा Confirmation Letter, वैंक भौचर र नागरिकता प्रमाणपत्रको सक्कलप्रति, स्थानीयतहको कार्य अवसरको प्रतिवध्दता पत्र समेत लिई आउनु पर्नेछ ।

१३. मिति २०७५ चैत्र १४ गते देखि भर्ना कार्यक्रम सुरु हुनेछ । भर्ना हुन आंउदा आफूले प्राप्त गरेका शैक्षिक योग्यताको सक्कल प्रमाणपत्रहरु, नागरिकता, Migration Certificate एवं तिनीहरुको प्रतिलिपिहरु पनि संगै ल्याउनु पर्नेछ ।

१४. भर्ना हुने कोटाहरुः

तपशिलः

क. योग्यताक्रम -३०
ख. प्रादेशिक -०७
ग. दलित -०२
घ. जनजाति -०२
ङ मधेशी -०२
च. अपाङ्ग -०१
छ. सहिद -०१

ज. द्वन्द्व-पिडित -०१

झ. छात्रा -०४

१५. यस संकाय परिसरभित्र रहेका छात्रावासहरुको क्षमता सीमित भएको कारणले भर्ना भएका विद्यार्थीहरुलाई छात्रावासको व्यवस्था गर्न संकाय प्रशासन वाध्य हुने छैन ।

१६. थप जानकारीहरु यस संकायको सूचना पाटी वा www.afu.edu.np मा गई प्राप्त गर्न सकिनेछ ।

................

डीन

कृषि संकाय